# फैलँदो नेपाली प्रेस र खुम्चँदो प्रेस स्वतन्त्रता : वि.सं. २००७–१७ को अभ्यास

**रमेश पराजुली**

नेपालको खबर पत्रकारिताको इतिहास एक शताब्दीभन्दा पुरानो भए पनि यो क्षेत्रको विस्तार वि.सं. २००७ को आन्दोलनपछि भएको हो । २००७ फागुन ७ को 'शाही घोषणा' हुनुभन्दा तीन दिनअघि (फागुन ४)[१] बाट हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा *जागरण* साप्ताहिक र सो घोषणाको भोलिपल्टदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा *आवाज* दैनिक प्रकाशित भए । यिनको प्रकाशन सँगसँगै नेपाली पत्रकारिता क्षेत्र राज्यको 'सीधा नियन्त्रण'बाट फुत्कियो । वि.सं. २००७–१७ को 'बहुदलीय शासन व्यवस्थाको प्रयोगको दशक'मा नेपाली पत्रकारिता क्षेत्रको–– कम्तीमा काठमाडौँमा र संख्यात्मक हिसाबले––राम्रै विस्तार भएको देखिन्छ । तर, वि.सं. २०१७ मा बहुदलीय प्रजातान्त्रिक व्यवस्था समाप्त पार्दै महेन्द्र शाहले सम्पूर्ण शासनव्यवस्था आफ्नो हातमा लिएपछि स्वतन्त्र पत्रकारिता क्षेत्रको विस्तार रोकिएको मात्रै होइन, त्यसमा संकुचनसमेत आयो ।

यो लेखमा वि.सं. २००७–१७ बीचको पत्रकारिता क्षेत्रको विस्तारको दशकमा अभिव्यक्ति स्वतन्त्रता र नेपाली प्रेसको अवस्थाको आँकलन गरिएको छ । मुख्यतः प्रेसले छापेका सामग्रीका निहुँमा प्रेसमाथि राज्य संयन्त्रले गरेका कारवाहीको लेखाजोखामार्फत यो लेखमा निम्न प्रश्नको जवाफ खोजिएको छ : तत्कालीन नेपाली पत्रकारिता क्षेत्र

---

१ यही दिन निर्वासनमा रहेका त्रिभुवन शाह र वि.सं. २००७ को आन्दोलनको नेतृत्व गर्नेहरू दिल्लीबाट नेपाल फर्केका थिए ।

*मिडिया अध्ययन ८* : ३–२९ २०७०

कुन कानुनी परिवेशअन्तर्गत सञ्चालित थियो ? अन्तरिम शासन विधान (२००७) ले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता नेपाली छापाले के कसरी उपयोग गरेको थियो ? उक्त कालखण्डमा के कस्ता सामग्री आपत्तिजनक मानिन्थे ? यी प्रश्नका जवाफमार्फत वि.सं. २००७–१७ को अवधिमा प्रेसले प्राप्त गरेको स्वतन्त्रता कानुनी संशोधनहरूमार्फत शनैः शनैः संकुचित हुँदै गयो र त्यससँगै प्रेसउपर गरिएका कारवाहीको संख्या पनि क्रमशः बढ्दै गयो भन्ने तर्क यो लेखमा गरिएको छ । मुख्यतः तीन निकाय/संस्था–शाह शासक/राजतन्त्र, प्रधानमन्त्री/सरकार, र विदेशी राजदूतावास/निकाय/व्यक्ति—प्रति राज्य संयन्त्र संवेदनशील रहेको तथा उक्त तीन निकाय या संस्थाबारे हुने नकारात्मक समाचारसँगै कारवाहीको सम्भाव्यता बढ्ने तर्क पनि यो लेखले गर्दछ । उक्त अवधिमा नेपाली सार्वजनिक वृत्त (पब्लिक स्फेयर) को विस्तार र सो क्षेत्रलाई नियमन गर्ने (सरकारी) प्रयत्न सँगसँगै चलेको र अन्ततः राज्यले सार्वजनिक वृत्तमाथि नियन्त्रण कायम गरेको यो लेखले देखाउँछ ।

लेखको पहिलो खण्डमा वि.सं. २००७–१७ बीचको संवैधानिक, कानुनी व्यवस्थाबारे चर्चा गरिएको छ । यस क्रममा वि.सं. २००७ मा प्राप्त स्वतन्त्रता कानुनी रूपमा कसरी क्रमशः खुम्चँदै गयो भन्ने देखाइएको छ । त्यस बखतको छापा पत्रकारिता क्षेत्रको विस्तार र पत्रपत्रिकामाथि गरिएका कारवाहीलाई दोस्रो खण्डमा विभिन्न पक्षबाट केलाइएको छ । तेस्रो खण्डमा सरकारी निकायका नजरमा आपत्तिजनक बन्ने सामग्रीबारे चर्चा गरिएको छ । अन्तमा छोटो निष्कर्ष दिइएको छ ।

यो अनुसन्धान वि.सं. २००७–१७ को अवधिमा कानुनी लिखतमा भएका संशोधनहरू र गृष्मबहादुर देवकोटालिखित *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास*मा प्रकाशित 'पत्रपत्रिकामाथि गरिएका कारवाही'को विवरण (पृ. २६०–५५८) मा आधारित छ । यद्यपि, आपत्तिजनक या कारवाहीयोग्य मानिएका आलेख (समाचार, लेख, सम्पादकीय) का पूरै अंश देवकोटाको पुस्तकमा उल्लेख गरिएको छैन, न कारवाहीको पूर्ण विवरण त्यहाँ दिइएको छ । सामग्रीको मूल पाठ अभाव भए पनि मुख्यांश उद्धृत गरिएकोले तिनैमा आधारित भई यो विश्लेषण गरिएको छ, जुन यो अनुसन्धानको सीमितता पनि हो ।

## संवैधानिक, कानुनी व्यवस्था

### *वि.सं. २००७ अघिको व्यवस्था*

जंगबहादुरको पालामा कार्यान्वयनमा आएको र नेपालको मूल कानुन भनिने वि.सं. १९१० को मुलुकी ऐनमा छापाखाना तथा प्रकाशनबारे कुनै

उल्लेख पाइन्न ।[२] पछि चन्द्र शमशेरको शासनकाल (वि.सं. १९७७/७८) मा मुलुकी ऐनको पाँचौँ भाग अदलको ऐनमा दफा ३१ थपियो । तदनुपरान्त जुनसुकै कृति छपाउनुपूर्व नेपाली भाषा प्रकाशिनी समितिमा जँचाउनुपर्ने र सो समितिले जाँची स्वीकृति दिएपछि मात्र प्रकाशन गर्न पाइने भयो (आचार्य २००८) । समितिबाट स्वीकृति नलिई प्रकाशन गर्ने प्रकाशक, मुद्रकलाई दण्डसजायको व्यवस्था गरियो । विनास्वीकृति प्रकाशित सामग्री सरकारी नजरमा आपत्तिजनक नठहरिएमा ५० रुपैयाँ जरिवाना गर्ने र आपत्तिजनक ठहरिए प्रकाशित सबै प्रति जफत गरी सम्बन्धित निकायमा थप कारवाहीका लागि पठाइने व्यवस्था भयो (प्रेस काउन्सिल नेपाल २०३० : १२४-२५) ।[३]

चन्द्र शमशेरका छोरा मोहन शमशेर प्रधानमन्त्री हुँदा (२००५ वैशाख २ गते) नेपालमा छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन जारी भयो । कुल ४ भाग र ३४ दफा भएको यो ऐनले घुमाई, सोझै वा व्यंग्योक्तिद्वारा कुनै शब्द, निशाना, वाक्य र प्रत्यक्ष अप्रत्यक्ष वर्णन भएको किताब, अखबार र कागजपत्रहरू--ज्यान मार्न सुऱ्याउनेदेखि श्री ५, श्री ३ का गाथगादी ताक्ने, शासनप्रबन्धमा खलल पार्ने, कामातुर गराउने, आदिसम्म--छापी प्रकाश गर्न नपाउने गरी बन्देज लगायो । र, उल्लंघन गर्नेलाई दण्डसजायको व्यवस्था पनि गऱ्यो । यो ऐनमा मुद्रक र प्रकाशक दुवैले एक हजार नगद या धनजमानी राख्नुपर्ने प्रावधान थियो । त्यस्तै, अखबार छाप्न चाहनेले उल्लिखित रीत पुऱ्याई निवेदन दिनुपर्ने र स्वीकृति पाएपछि मात्र छाप्न पाउने व्यवस्था गरियो (प्रेस काउन्सिल नेपाल २०३०) ।

## *वि.सं. २००७ पछिको व्यवस्था*

वि.सं. २००७ को जनआन्दोलन दिल्ली सम्झौतामा पुगेर टुंगिएपछि राजनीतिक नेता तथा त्रिभुवन नेपाल फर्के । त्रिभुवनले फागुन ७ गते एउटा शाही घोषणा

---

२ जंगबहादुरको पालासम्म नेपालमा पुस्तक प्रकाशनले गति नलिएकाले पनि प्रकाशनसम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता महसुस नगरिएको हुनुपर्छ । नेपालमा पहिलो छापाखाना ल्याउने श्रेय जंगबहादुरलाई नै दिइन्छ । बेलायतबाट ल्याइएको उक्त प्रेसलाई गिद्धे प्रेस पनि भन्ने गरिएको छ ।

३ सुब्बा कृष्णलाल अधिकारीले समितिबाट जाँच पास गराएर नै *मकैको खेती* नामक गैरराजनीतिक पुस्तक प्रकाशन गरेका थिए । तर यो पुस्तकमाथि प्रतिबन्ध लगाइयो, छापिएका सबै प्रति (एक प्रतिबाहेक) जफत गरियो र लेखकलाई जेलमा जाकियो । एक प्रति फेला नपरेकाले सोवापत उनलाई थप सजाय गरियो र अन्ततः उनको कालकोठरीमै मृत्यु भयो (हेर्नुहोस् घिमिरे २०६८, पौडेल २०४५) ।

गरे । र, २००७ चैत २९ देखि अन्तरिम शासन विधान, २००७ कार्यान्वयनमा आयो । यसले नेपाललाई विधिवत रूपमा अर्को राजनीतिक व्यवस्थामा पुऱ्यायो । यस विधानको भाग २ दफा १६ (क) मा वाक् तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरिएको थियो ।[४]

तर वि.सं. २००७ को आन्दोलनको समाप्तिपछि औपचारिक हिसाबमा शक्ति हस्तान्तरण नहुँदै अर्थात् फागुन ४ बाटै पत्रिका (साप्ताहिक *जागरण*) प्रकाशन शुरु भैसकेको थियो । फागुन ७ को घोषणापछि दैनिक *आवाज* निस्कन थाल्यो भने अन्य व्यक्ति तथा दलले पनि आ–आफ्ना हिसाबले पत्रिका प्रकाशन सुरु गरे । तिनले पुराना ऐन, नियम पालना नगरी आफूखुसी पत्रिका निकालेका थिए भन्न सकिन्छ । किनभने, यसरी भटाभट पत्रिका निस्कन थालेपछि २००८ जेठमा तत्कालीन गृह विभागका सेक्रेटरीले छापाखानाका मालिक र प्रबन्धकहरूको ध्यान वि.सं. २००५ को छापाखाना तथा प्रकाशन ऐनतर्फ आकर्षित गर्दै छापिने अखबार, किताब या कागजपत्र उक्त ऐनलाई मनन गर्दै छापियोस् र शान्ति भंग हुन नदिन सरकारलाई सहयोग दिइयोस् भन्दै चिठी पठाएका थिए । उक्त चिठीमा 'छापाखानाबाट प्रकाशित हुने प्रत्येक अखबार, कागजपत्र र किताबहरू कम्तीमा दुई प्रति प्रकाशित हुनासाथ गृह विभागमा पठाउनुहोला' पनि भनिएको थियो (देवकोटा २०२४ : २३२) ।

पुरानो कानुनतर्फ फर्कने यो सरकारी प्रयत्नको विरोध भयो । *जनमित्र* मासिकले सम्पादकीयमार्फत र नेपाली राष्ट्रिय काँग्रेसको बुलेटिनले यसको विरोध गर्दै सामग्री प्रकाशन गरे । 'प्रेस स्वतन्त्रतामाथिको अनुचित आदेश' भन्दै 'जुन कानुन तोड्न त्यत्रो क्रान्ति भयो र नागरिक अधिकार प्राप्त भयो त्यसमाथि पुरानै हुकुमी कानुन लगाई बन्देज लगाउने' प्रयत्नको ती पत्रिकाले विरोध गरेका थिए । यसरी विरोध भैसकेपछि 'गलतफहमी उत्पन्न भएको' भन्दै जेठ ४ गते सरकारले प्रेस विज्ञप्ति प्रकाशन गऱ्यो । उक्त विज्ञप्तिमा 'नयाँ कानुन नबन्दै र पुरानो संशोधन नहुँदै स्वस्थ प्रकाशनपट्टि ध्यान नदिई धमाधम जथाभावी छाप्न लागेकाले सरकारलाई चालु कानुनतर्फ ध्यानाकर्षण गर्न कर लागेको' उल्लेख थियो । साथै, 'कानुन शीघ्र संशोधन हुने र छापाखानाको स्वतन्त्रता कुनै रूपमा कुण्ठित हुन नपाउने' आश्वासन समेत त्यसमा दिइएको थियो (देवकोटा २०२४ : २३२-३३) ।

---

[४] यद्यपि दफा १८ मा सार्वजनिक शान्ति कायम राख्न र राज्य सुरक्षाको निमित्त त्यस्तो स्वतन्त्रता हरण गर्न सकिने व्यवस्था थियो । स्मरणीय छ, २००९ भदौ २५ मा त्रिभुवनले विशेष परिस्थिति अधिकार ऐन जारी गर्दै सम्पूर्ण शक्ति आफैँमा निहित भएको घोषणा गरे, जुन अन्तरिम शासन विधानको अक्षर र भावनाको प्रतिकूल थियो (हेर्नुहोस्, चौहान सन् १९७१) ।

## *वि.सं. २००९ का दुई कानुन*

वि.सं. २००९ मा नेपाल छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐन, २००८ आयो[५] र त्यसपछि छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २००९ आयो । अघिल्लोले छाप्ने प्रेस, प्रकाशन इत्यादिको दर्तासम्बन्धी कार्य हेर्थ्यो भने पछिल्लो विशेष गरी पत्रपत्रिका, बुलेटिनको अन्तर्वस्तु नियमन गर्ने हिसाबले आएको देखिन्छ ।[६]

रजिष्टरी ऐनको प्रस्तावनामा 'छापाखाना र अखबारहरूमाथि नियन्त्रण कायम गर्न र नेपालमा छापिएको वा लिथो भई प्रकाशित हरेक पुस्तकको एक प्रति तालिका गरी संरक्षित राख्नुपर्ने आवश्यक देखिएकाले' जारी भएको उल्लेख थियो । यसले आइन्दा रीत नपुऱ्याई नेपाल राज्यभरि कसैले पनि अखबार छापी प्रकाशन गर्न नपाउने व्यवस्था गऱ्यो । र, चलिरहेका छापाखाना, अखबार र प्रकाशक मुद्रकका हकमा ऐन प्रकाशन भएको ३५ दिनभित्र दर्खास्त दिई इजाजत लिनुपर्ने भयो । काठमाडौँबाहिरका हकमा स्थानीय पुलिसको हाकिमले रीत पुऱ्याएर दिएको दर्खास्तमाथि निर्णय दिन सक्ने भयो । पत्रिका प्रकाशन गर्न प्रकाशक र मुद्रक दुवैले एकेक हजार ढरौट राख्नुपर्ने पहिलेको व्यवस्था खारेज गरियो ।

तर अघिल्लो ऐन प्रकाशित भएको करिब ५ महिनापछि नै वि.सं. २००९ असोज ३० मा अर्को ऐन आयो । वि.सं. २००५ को ऐनलाई वि.सं. २००८ को ऐनले विस्थापन गरे पनि 'प्रेसवालाहरू भ्रममा परी बुलेटिन, पुस्तिका, समाचारपत्रहरू, पर्चा इत्यादिमा देशको शान्ति सुरक्षा खलल हुने लेखहरू बराबर निक्लने भइरहेकोले छापाखानाहरू उपर पूरा रेखदेख राखी सुव्यवस्था र शान्ति कायम गर्ना निमित्त' यो ऐन ल्याइएको उल्लेख गरिएको छ । र, प्रस्तावनामा 'छापाखाना र प्रकाशनसम्बन्धमा राम्रो नियन्त्रण गर्नाको लागि' भनेर प्रस्ट किटिएको छ ।

यो ऐनले पुनः छापाखानावाला र प्रकाशकबाट ढरौट लिनसक्ने व्यवस्था गऱ्यो । तर यस्तो कार्यलाई सरकारी अधिकारीको तजबीजमा छाडिदिएको देखिन्छ । ऐनअनुसार, आवश्यक देखेमा कारणसमेत राखी प्रेस धनी र प्रकाशकले कागज गरेको १५ दिनभित्र स्वीकृति दिने अधिकारीले रु १ हजारमा नबढाई ढरौट माग्न सक्ने भयो । यो ऐनले नागरिकलाई सरकारी अधिकारीले विभेद गर्न सक्ने

---

[५] वि.सं. २००८ कै ऐन भए पनि २००९ वैशाख २६ मा मात्र राजपत्रमा प्रकाशन भएको थियो । राजपत्रमा प्रकाशन भएपछि मात्र कानुन कार्यान्वयनमा आउँछ ।

[६] वि.सं. २००८ र २००९ का यी कानुनका लागि प्रेस काउन्सिल नेपाल (२०३०) र देवकोटा (२०२४) हेर्नुहोस् ।

बनाइदियो । कानुनका नजरमा सबै बराबर भन्ने संवैधानिक व्यवस्थालाई यसले मानेन ।

त्यसबाहेक, यो ऐनमा केकस्तो सामग्री प्रकाशन गर्न नपाइने भनेर निषेधात्मक व्यवस्था, र सो उल्लंघन गरेमा दण्ड सजायको व्यवस्था पनि भयो । ऐनको दफा ५(१) को क देखि झ सम्मका अपराधमा वृद्धि हुने आशंकाका 'कुनै शब्द, चिह्न अथवा प्रत्यक्ष आकार कुनै समाचार पत्रिका, पुस्तक अथवा अरू लिखित पत्रमा छापी प्रकाश गरेमा प्रेसधनीलाई र प्रकाशकलाई लिखित जनाउ दिई सो गरेबापत निजहरूबाट रु ५ सयदेखि ३ हजारसम्म ढरौट माग्न सक्ने' भयो ।[७]

यो ऐनको दफा ३६ ले 'दुनियाँको हित निमित्त' सरकारले कुनै खबर, आलोचना, प्रकाशन रोक्न सक्ने व्यवस्था गऱ्यो । यद्यपि 'दुनियाँको हित' भनेको के हो व्याख्या भएन । सम्बन्धित कर्मचारी नै दुनियाँको हित फैसला गर्ने अधिकारी भए ।[८]

## *वि.सं. २०१० को संशोधन*

वि.सं. २०१० मा यी दुवै ऐनको संशोधन भयो ।[९] साबिकको दफा ५ खारेज भई अब छापाखाना राख्ने तथा प्रकाशकले 'ऐनबर्खिलाप कुनै काम गर्ने गराउने छैन, गरेँ भने सहुँला' भनेर हाकिमसमक्ष सहीछापसमेत गर्नुपर्ने भयो । यसमा साबिकको ५(घ) पनि खारेज भयो र त्यसको ठाउँमा राजा, उनका परिवार, नेपाल र नेपालस्थित राजदूतहरू, कानुनबमोजिम खडा गरिएको सरकार, न्यायप्रशासन, राजाका रैतीमध्ये कुनै जाति, वर्ण, उपजातिलाई घृणा र निरादर गराउने या राजा र राजाको सरकारमा अवहेलना र द्वेष बढाउने गरी छाप्ने छपाउनेहरू अपराधी हुने व्यवस्था भयो ।[१०]

---

[७] यसमा ज्यान मार्न या हिंसात्मक अपराध गर्न लगाउने; राजा, राजपरिवार, सरकार, सरकारी कर्मचारीलाई घृणा उत्पन्न गराउने, अवहेलना गर्ने, द्वेष बढाउने; जनताबीच आपसी वैमनस्य या घृणा बढाउने तथा अश्लील भाषा वा भाव आउने कुरा अभिव्यक्त गर्ने, आदि छन् ।

[८] पत्रकारहरूले यो दफा (३६) तथा दफा ४ र ८--जसले सरकारी कर्मचारीलाई प्रकाशक तथा मुद्रकसँग ढरौट माग्ने अधिकार दिएको थियो--को मुख्य रूपमा विरोध गरेका थिए । वि.सं. २०१४ मा गठित पहिलो प्रेस कमिशनको प्रतिवेदनले पनि यी दफामा परिवर्तन गर्न सुझाव दिएको थियो (हेर्नुहोस् प्रेस काउन्सिल नेपाल २०६० : २६६-३८३) ।

[९] वि.सं. २०१० मा यी दुवै ऐन संशोधन भए पनि राजपत्रमा भने २०११ वैशाख १६ गते प्रकाशन गरिएका थिए ।

[१०] काठमाडौँबाहिरका हकमा पुलिसको कार्यालयबाट दिइने प्रकाशनको इजाजत अब जिल्ला मजिस्ट्रेटको कार्यालयले दिने भयो ।

### *वि.सं. २०१४ को संशोधन*

वि.सं. २०१४ मंसिर १९ मा छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनको दोस्रो संशोधन गरियो । ५(घ) मा थप संशोधन गर्दै विदेशी मुलुकलाई घृणा र निरादर गराउन अब नपाइनुका साथै नेपाल र मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पार्ने काम पनि अपराध मानियो र दण्डनीय बनाइयो । संशोधित व्यवस्थाअनुसार राजा या राजपरिवारप्रति घृणा द्वेष या अवहेलना गरे गराएमा ठाडै कारवाही गरी नेपालका अन्य कानुनले हुने सजायमाथि ३ वर्ष कैद वा ३ हजार जरिवाना वा दुवै हुनसक्ने व्यवस्था गरियो । त्यस्तै कार्य सरकारका प्रति गर्दा उस्तै सजाय भए पनि त्यसको समयावधि २ वर्ष र जरिवाना रु २ हजारसम्म या दुवै हुने भयो । सरकारी कर्मचारीमाथि गरिएको अपराधको हकमा ६ महिना कैद र रु ५ सय मात्र जरिवाना तोकियो ।

वि.सं. २००७ देखि नै नेपालमा नयाँ संविधान निर्माण गर्ने विधायिकाको निर्वाचन गर्ने भनिए पनि त्यसो हुन सकेन । अन्ततः नेपालमा निर्वाचन त हुने भयो तर त्यो विधान सभाका लागि नभई संसदका लागि । वि.सं. २०१५ मा महेन्द्र आफैँले संविधान तयार गरेर दिए, जुन आमनिर्वाचनभन्दा एक हप्ताअघि मात्र लागु गरिएको थियो (जोशी र रोज सन् १९६६, चौहान सन् १९७१) । यो संविधानको भाग ३ दफा ४ उपदफा ७ ले वाक् तथा प्रकाशन स्वतन्त्रता, विनाहतियार भेला हुने स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता र आवतजावत गर्ने स्वतन्त्रता प्रदान गरेको थियो, जुन अन्तरिम शासन विधान, २००७ को निरन्तरता थियो ।[११] तसर्थ, सैद्धान्तिक रूपमा वाक तथा प्रकाशन स्वतन्त्रतालाई स्वीकार गरिए पनि व्यवहारमा निरन्तर संकुचित हुँदै गएका ऐन, कानुनले राजनीतिक स्पेसलाई नियमन गरिरहेका थिए । यसरी प्रकाशन र अभिव्यक्ति स्वतन्त्रताका लागि विभिन्न समयमा भएका कानुनी व्यवस्थाले गर्दा वि.सं. २००७ पछि प्रजातन्त्र आए पनि विस्तारै स्वतन्त्रता उपयोग गर्ने वातावरण खुम्चँदै गएको थियो । शनैः शनैः नेपालको शासनव्यवस्था कडा हुँदै गएको, राजशाहीको पकड मजबुत हुँदै गएको र स्वतन्त्रता खोसिँदै गएको देखिन्छ ।

## पत्रपत्रिकाको विस्तार र कारवाही

### *पत्रपत्रिकाको विस्तार*

वि.सं. १९५५ मा निस्किएको भनिएको *सुधासागर* अथवा वि.सं. १९५८ देखि प्रकाशन भएको *गोर्खापत्र* पछिका पाँच दशक (वि.सं. २००६) सम्म नेपालमा जम्मा

---

[११] यो संविधानको व्याख्या, विश्लेषणका लागि अप्पादोराई र बराल (सन् २०१२) हेर्नुहोस् ।

१७ ओटा पत्रपत्रिका प्रकाशन भएको देखिन्छ ।[१२] यीमध्ये ६ ओटाबाहेक अरू मासिक वा त्योभन्दा बढी अन्तरालमा निस्कन्थे । वि.सं. २००७ को जनक्रान्तिपछि भने नेपालमा पत्रपत्रिकाको तुलनात्मक हिसाबले व्यापक विस्तार भयो । यस्तो विस्तार धेरै काठमाडौँकेन्द्रित भए पनि काठमाडौँबाहिर पनि केही पत्रिका प्रकाशन भए । वि.सं. २००७ मा प्रजातन्त्र स्थापना भएदेखि वि.सं. २०१७ मा प्रजातन्त्र खोसिएसम्मको अवधिमा २६४ ओटा पत्रिका दर्ता भएका थिए (अर्याल २०६८ पनि हेर्नुहोस्) ।[१३] यीमध्ये करिब आधा पत्रिका दैनिकदेखि पाक्षिकसम्मका भएकाले ती खबर पत्रिका थिए भन्न सकिन्छ (तालिका १) । दर्ता भएकामध्ये सबै पत्रिका प्रकाशन नभएका पनि हुनसक्छन् र कतिपय पत्रिका थोरै अंक मात्र निस्केर बन्द भएका देखिन्छन् । केही पत्रिका भने सरकारी कारवाहीका कारण मरेका थिए, जसबारे पछि चर्चा गरिएको छ ।

तालिका (१) ले नेपालमा वर्षेनि पत्रिकाहरूको संख्या बढ्दै गएको देखाउँछ । यद्यपि, यस्तो विस्तार निरन्तर छैन । स्थापना भएको वर्षलाई हेर्दा वि.सं. २०१४ मा सबैभन्दा धेरै (३९) पत्रिका दर्ता/प्रकाशन भएको पाइन्छ । यो साल राजनीतिक हिसाबले महत्त्वपूर्ण वर्ष हो । यही साल टंकप्रसाद आचार्य मन्त्रीमण्डल विघटित भयो ।[१४] त्यसपछि महेन्द्रले सबैलाई चकित पार्दै राजद्रोहको आरोप लागेका केआई सिंहलाई आममाफी दिएर प्रधानमन्त्रीसमेत बनाए । तर तीन महिना चानचुन पनि नपुग्दै पुनः सत्ता हातमा लिई महेन्द्र आफैँले सरकार चलाउन थाले । दलहरूले उनको यी कृत्यहरूको व्यापक विरोध गरे र भद्र अवज्ञा

---

[१२] राणाकालीन नेपालमा प्रेसमाथि ठुलै नियन्त्रण भए पनि उत्तर भारतीय शहरहरूमा बस्ने नेपालीहरू भने पत्रपत्रिकाको क्षेत्रमा संलग्न थिए र 'काल्पनिक नेपाली समुदाय'लाई विभिन्न सामग्री पस्कँदै थिए । यस्ता पत्रिकामा *गोर्खा भारत जीवन, गोर्खे खबर कागत, गोर्खाली, गोर्खा, तरुण गोर्खा, गोर्खा संसार, गोर्खा सेवक, आसाम गोर्खा, गोर्खा समाचार*, आदि प्रमुख थिए (हेर्नुहोस् वन्त सन् १९९६ र चाल्मर्स सन् २००३) ।

[१३] यो अवधिमा पत्रपत्रिकाको संख्या मात्रै विस्तार भएको नभई दुइटा समाचार सेवा संस्था या न्युज एजेन्सी (सगरमाथा संवाद समिति र नेपाल संवाद समिति) पनि स्थापना गरिएको थियो । २०१७ सालमा महेन्द्रले शासनसत्ता हातमा लिएपछि दुवै संस्था विघटन गरियो र सरकारी निकायको रूपमा राष्ट्रिय संवाद समिति (पछि राष्ट्रिय समाचार समिति) गठन गरियो । र, महेन्द्रका प्रेस सचिवलाई यो नयाँ संस्थाको अध्यक्ष नियुक्त गरियो (हेर्नुहोस् बराल सन् १९७५, बेलबासे र मर्फी सन् १९८३) ।

[१४] "निर्वाचन गराउन नसक्ने भएँ" भन्दै आचार्यले प्रधानमन्त्रीको पदबाट राजीनामा दिएको प्रचार दरबारले गरेको थियो । यद्यपि आफूले त्यसो (निर्वाचन गराउन सक्दिन) नभनेको बताउँदै पुष्टिका लागि आचार्यले आफ्नो राजीनामा पत्रसमेत सार्वजनिक गरेका थिए (हेर्नुहोस् जोशी र रोज सन् १९६६) ।

आन्दोलनसमेत गरे । राजनीतिक सरगर्मी बढेकाले पत्रिकामार्फत आफ्ना विचार बाहिर ल्याउने क्रम पनि बढ्यो; नयाँ पत्रिका थपिए ।[१५]

**तालिका १ : वार्षिक रूपमा दर्ता पत्रिका संख्या**

| साल (वि.सं.) | प्रकाशित पत्रिका संख्या | दैनिकदेखि पाक्षिकसम्म |
|---|---|---|
| १९९५-२००६ | १७ | ६ |
| २००७ | ५ | ४ |
| २००८ | १५ | ८ |
| २००९ | २२ | ८ |
| २०१० | २० | ११ |
| २०११ | २० | १५ |
| २०१२ | २० | १७ |
| २०१३ | २४ | १५ |
| २०१४ | ३९ | २२ |
| २०१५ | २८ | ११ |
| २०१६ | ३४ | ८ |
| २०१७ | ३७ | १३ |
| **जम्मा (२००७-२०१७)** | **२६४** | **१३२** |

स्रोतः देवकोटा (२०२४) मा दिइएका विवरणबाट संश्लेषित

## *पत्रिकालाई गरिएका कारवाही*

पत्रपत्रिकाको संख्या बढ्ने क्रमसँगै वि.सं. २००८ देखि नै तिनलाई गरिएका कारवाहीको संख्या पनि बढेको देखिन्छ । वि.सं. २००७-१७ को अवधिमा जम्मा ३४ ओटा पत्रिकालाई १०० पटक कारवाही भएको पाइन्छ । वि.सं. २०१४ सम्म निरन्तर बढेको यस्तो कारवाही वि.सं. २०१५ मा ह्वात्तै घटेको (२४ बाट ४) छ । वि.सं. २०१४ मा सबैभन्दा धेरै पत्रिका (२४ ओटा) लाई र अघिल्लो वर्ष (वि.सं. २०१३ मा) २२ ओटालाई कारवाही गरिएको पाइयो । वि.सं. २०१५ मा सुवर्ण शमशेरको नेतृत्वमा सर्वदलीय जस्तो सरकार बनेको र चुनावी प्रक्रिया पनि अघि बढेकाले एक त सरकारको कम आलोचना भयो र अर्को, सम्भवतः सरकारी निकायले पनि अन्यत्रै (चुनावतर्फ) बढ्ता ध्यान दिनुपर्‍यो अनि पत्रिकालाई गरिने कारवाहीको संख्या

---

[१५] वि.सं. २०१३ र १४ मा पत्रपत्रिकाको संख्यामा मात्र वृद्धि भएको होइन कि (कडा) कारवाहीको संख्या पनि ह्वात्तै बढेको देखिन्छ जसका कारण केही पत्रिका बन्द भए तर ती पत्रिकासँग सम्बन्धित व्यक्ति या समूह चुप लागेर बसेनन्, बरु नयाँ पत्रिका निकाले ।

घट्यो । वि.सं. २०१६ मा नेपालको इतिहासमै पहिलो पटक जननिर्वाचित सरकार गठन भयो । निर्वाचनको परिणाम कतिपयले आशा गरे विपरीत आयो–-नेपाली काँग्रेसले दुई तिहाई बहुमत प्राप्त गऱ्यो भने अन्य दलका थुप्रै स्थापित नेताहरू पराजित भए । बीपी कोइरालाको नेतृत्वमा नेपाली काँग्रेसले सत्ता सम्हाल्यो । वि.सं. २०१६ मा पत्रिकामाथि भएका कारवाहीको संख्या अघिल्लो वर्षभन्दा थोरै बढेर ९ पुगेको र वि.सं. २०१७ मा अझ बढेर १८ पुगेको देखिन्छ । वि.सं. २०१७ मा तत्कालीन काँग्रेसी सरकारविरूद्ध मोर्चाबन्दी भएको थियो (बराल सन् २०१२[सन् १९७१]) । राजा महेन्द्रले अघोषित रूपमा नेतृत्व गरेको यो मोर्चामा निर्वाचनमा पछारिएका सबै दल सामेल थिए (बराल सन् २०१२[सन् १९७५]) । र, पत्रिकामा पनि त्यसको प्रतिविम्ब देखियो । पत्रिकाले खुलेर विरोध गर्न थालेपछि सरकारी निकायले पनि तदनुरूप कारवाही चलाएको देखिन्छ (तालिका २) ।

**तालिका २ : वार्षिक कारवाही**[१६]

| वर्ष | कारवाही संख्या | वर्ष | कारवाही संख्या |
|---|---|---|---|
| २००८ | १ | २०१३ | २२ |
| २००९ | २ | २०१४ | २४ |
| २०१० | ४ | २०१५ | ४ |
| २०११ | ८ | २०१६ | ९ |
| २०१२ | ८ | २०१७ | १८ |
| **जम्मा** | | | **१००** |

पत्रिकाहरूलाई गरिएका कारवाहीलाई कुनकुन सरकारका पालामा कति संख्यामा भयो भनेर हेर्न खोजिएको थियो । यसरी हेर्दा त्रिभुवनले नेतृत्व गरेको सरकारको पालामा कुनै पत्रिकालाई कारवाही भएको देखिँदैन । पार्टी भित्रको आन्तरिक खिचातानीका कारण नेपाली काँग्रेसको सभापतिका हैसियतले मातृकाप्रसादले नेतृत्व गरेको सरकार ढलेपछि करिब १० महिना (२००९ साउन ३० देखि २०१० जेठ ३० सम्म) त्रिभुवनले ५ परामर्शदाताहरूसहित आफैँले शासन गरेका थिए । वि.सं. २००७ को आन्दोलनपछि गठित राणा काँग्रेस गठबन्धन सरकारको पालामा

[१६] अन्यथा उल्लेख नभएसम्म यो लेखमा प्रयुक्त तालिकाहरू पत्रपत्रिकामाथि भएका कारवाहीको विवरणमा आधारित सूचनालाई कोडिङ गरी लेखकद्वारा तयार गरिएको हो ।

(मोहन शमशेरको नेतृत्व) पनि सरकारी निकायबाट कुनै कारवाही भएको छैन ।[१७] सुवर्ण शमशेरले सरकारको नेतृत्व गरेको समयमा पनि पत्रिकाहरूमाथि धेरै कारवाही भएको देखिँदैन । संख्यात्मक हिसाबले सबैभन्दा धेरै (३४) कारवाही टंकप्रसाद आचार्य नेतृत्वको सरकारका पालामा भएको छ र त्यसपछि बीपी कोइराला नेतृत्वको सरकारको पालामा (२७) । माथि भनिएझैँ, बीपी कोइरालाको कार्यकालको पछिल्लो अवधिमा करिब दुई तिहाई कारवाही भएको थियो । केआई सिंहले जम्मा तीन महिना १८ दिन शासन गरे पनि उक्त समयभित्र सरकारले ११ कारवाही गर्न भ्याइसकेको देखिन्छ (हेर्नुहोस् तालिका ३) । शासन गरेको समयावधिलाई ध्यानमा राखेर तुलना गर्ने हो भने सिंहले नेतृत्व गरेको सरकारको पालामा औसतमा पत्रिकालाई सबैभन्दा धेरै कारवाही भएको छ ।

**तालिका ३ : कुन सरकारको पालामा कति कारवाही**

| सरकारको नेतृत्व | कहिलेदेखि कहिलेसम्म | शासन अवधि | कारवाही संख्या |
|---|---|---|---|
| मोहन शमशेर राणा | ७ फागुन २००७–२६ कात्तिक २००८ | ८ महिना १९ दिन | १ |
| मातृकाप्रसाद कोइराला | १ मंसिर २००८–२९ साउन २००९,<br>२ असार २०१०–६ फागुन २०१०<br>७ फागुन २०१०–१९ फागुन २०११ | ८ महिना २८ दिन र<br>१ वर्ष ८ महिना १७ दिन | १४ |
| त्रिभुवन शाह | ३० साउन २००९–३० जेठ २०१० | १० महिना | - |
| महेन्द्र शाह | १९ फागुन २०११–१२ माघ २०१२<br>२९ कात्तिक २०१४–३१ वैशाख २०१५ | १० महिना २३ दिन र<br>६ महिना २ दिन | ९ |
| टंकप्रसाद आचार्य | १३ माघ २०१२–३१ असार २०१४ | १ वर्ष ५ महिना १८ दिन | ३४ |
| केआई सिंह | ११ साउन २०१४–२९ कात्तिक २०१४ | ३ महिना १८ दिन | ११ |
| सुवर्ण शमशेर राणा | २ जेठ २०१५–१२ जेठ २०१६ | १ वर्ष १० दिन | ४ |
| बीपी कोइराला | १३ जेठ २०१६–१ पुस २०१७ | १ वर्ष ६ महिना १८ दिन | २७ |
| **जम्मा** | | | **१००** |

वि.सं. २००७ देखि २०१७ सम्म प्रकाशित १३२ (दैनिकदेखि पाक्षिकसम्म) पत्रिकामध्ये ३४ ओटालाई (अर्थात् एक चौथाईभन्दा धेरै) यो अवधिमा कारवाही गरिएको थियो । र, पटकपटक भएका यी कारवाहीको संख्या १०० पुग्छ । यी ३४ पत्रिकामध्ये पहिले पशुपतिदेव पाण्डे र पछि मणिराज उपाध्यायले सम्पादन गरेको

[१७] तर तत्कालीन सरकारले वि.सं. २००५ को कानुनतर्फ ध्यानाकर्षण गर्दै पत्रिकालाई सचेत गराउन खोजेको थियो, जुन कुरा माथि उल्लेख भइसकेको छ । तालिका ३ मा एउटा कारवाही उल्लेख भए पनि सो प्रधान न्यायालयले नेपाली राष्ट्रिय काँग्रेसको बुलेटिनमा छापिएको सामग्रीमा आधारित रही (न्यायालयको अवहेलना भएको भन्दै) उक्त दलका तीन जनामाथि गरेको कारवाही हो ।

*समाज* दैनिक एक्लैलाई यो अवधिमा २१ पटक कारवाही गरिएको देखिन्छ । हिन्दी साप्ताहिक *सही रास्ता* (मणिराज उपाध्याय, सं.) र *नेपाल समाचार* (शंकरनाथ शर्मा, सं.) दैनिकलाई पनि सो अवधिमा ६-६ पटक कारवाही भएको थियो भने दैनिक *समय* (माणिकलाल श्रेष्ठ, सं.), *दियालो* (तारिणीप्रसाद कोइराला, सं.) र *हालखबर* (पहिले विन्दुनाथ प्याकुरेल र पछि दाताराम शर्मा, सं.) पनि ५-५ पटक कारवाहीमा परेका थिए । बाँकी अन्य पत्रिकालाई ४ वा त्योभन्दा थोरै पटक कारवाही गरिएको तालिका ४ बाट देखिन्छ ।

**तालिका ४ : कारवाही भएका पत्रिका**

| पत्रिका | प्रकार | आवृत्ति |
|---|---|---|
| समाज | दैनिक | २१ |
| सही रास्ता (हिन्दी) | साप्ताहिक | ६ |
| नेपाल समाचार | दैनिक | ६ |
| दियालो | दैनिक | ५ |
| समय | दैनिक | ५ |
| हालखबर | दैनिक | ५ |
| संयुक्त प्रयास | साप्ताहिक | ४ |
| समीक्षा | साप्ताहिक | ४ |
| नयाँसमाज (हिन्दी) | साप्ताहिक | ४ |
| राष्ट्रवाणी | साप्ताहिक | ४ |
| जनप्रयास | साप्ताहिक | ३ |
| एभरेष्ट न्युज (अंग्रेजी) | दैनिक | ३ |
| नेपाल टाइम्स (हिन्दी) | दैनिक | ३ |
| दैनिक समाचार | दैनिक | ३ |
| आर्थिक नेपाल | पाक्षिक | २ |
| सही सन्देश | दैनिक | २ |
| स्वतन्त्र समाचार | दैनिक | २ |
| गोरेटो | दैनिक | २ |
| राँको | साप्ताहिक | १ |
| देशसेवा | अर्ध साप्ताहिक | १ |
| सन्देश | साप्ताहिक | १ |
| मदरल्याण्ड (अंग्रेजी) | दैनिक | १ |
| भूगोलपार्क | दैनिक | १ |
| झ्याली | साप्ताहिक | १ |
| नेराका बुलेटिन | बुलेटिन | १ |
| नेपाल | दैनिक | १ |
| नेपाल भाषा पत्रिका (नेवारी) | दैनिक | १ |
| नेपाल पुकार | साप्ताहिक | १ |

| पत्रिका | प्रकार | आवृत्ति |
|---|---|---|
| प्रहरी (हिन्दी) | साप्ताहिक | १ |
| दि कमनर (अंग्रेजी) | दैनिक | १ |
| उज्यालो | दैनिक | १ |
| कर्मवीर | साप्ताहिक | १ |
| कल्पना | दैनिक | १ |
| खसोखास | अर्ध साप्ताहिक | १ |
| **जम्मा** | **३४ पत्रिका** | **१००** |

कारवाही गरिएका पत्रिकामध्ये सबैभन्दा धेरै (१९ ओटा) दैनिक पत्रिका छन् । त्यसपछि आउँछन् साप्ताहिक पत्रिका (११ ओटा) । त्यसबाहेक दुई अर्धसाप्ताहिक, एक पाक्षिक र एक बुलेटिन पनि अध्ययन अवधिमा कारवाहीमा परेका थिए । भाषाका हिसाबले हेर्दा चार ओटा हिन्दी, तीन ओटा अंग्रेजी र एउटा नेवारी पत्रिकालाई पनि कारवाही गरिएको देखिन्छ ।[१८]

## *कारवाहीका प्रकार*

नेपालको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अभ्यासको पहिलो दशकमा प्रकाशित पत्रपत्रिकाले आफूले छापेका सामग्रीको आधारमा भोग्नुपरेका कारवाहीका प्रकारलाई केलाएर मात्र हामीले तत्कालीन समयको वाक् तथा प्रकाशन स्वतन्त्रताको अवस्थाबारे सही विश्लेषण गर्न सक्छौँ । पत्रिकामाथि सरकार र उसको मातहतका निकाय र अन्य क्षेत्रबाट भएका कारवाहीलाई केलाउँदा निम्न प्रकारका कारवाही भएको देखिन्छ : मौखिक स्पष्टीकरण; लिखित स्पष्टीकरण (कार्यालयमा बोलाएर वा चिठी पठाएर); ढरौट (नयाँ र थप) माग्ने एवं जफत गर्ने; जरिवाना गर्ने; पत्रिकालाई बन्दै गरिदिने; पत्रकार र सम्बन्धित अन्य (प्रकाशक, मुद्रक) लाई जेल या ठानामा थुन्ने । यीमध्ये केही पत्रिकालाई तिनमा छापिएका सामग्रीलाई आधार बनाएर मौखिक स्पष्टीकरण लिइएको थियो तर सबैभन्दा धेरै त (करिब ७१ प्रतिशत) लिखित स्पष्टीकरण लिइएको थियो । यसरी स्पष्टीकरण लिँदा कहिले चिठी पठाएर पत्रिका (कहिले सम्पादक कहिले प्रकाशक वा कहिले दुवैको नाउँमा) लाई जवाफ पठाउन भनिएको थियो भने धेरै जसो समय पत्रिकाका

---

[१८] वि.सं. २००७–१७ को अवधिमा उल्लेखनीय संख्यामा हिन्दी भाषाका पत्रिका प्रकाशन भएका थिए । तर महेन्द्रको आगमनसँगै राज्यले नेपालीकरणको परियोजना अगाडि बढायो । नेपाली भाषालाई मात्र अघि बढाउने यो सरकारी प्रयत्नको विरोध भए पनि अन्ततः नेपालीको वर्चश्व स्थापित भयो, अन्य भाषा मुर्झाए (हेर्नुहोस् गेज सन् १९७५) ।

सम्पादक या प्रकाशक या दुवैलाई जिल्ला मजिस्ट्रेट कार्यालयमा बोलाएर लिखित बयान लिइएको थियो । पत्रपत्रिकामाथि विभिन्न खाले कारवाही गरिएको भए पनि धेरै हदसम्म कारवाही सम्बन्धित अधिकारीको तजबीजमा र कसले शासन गरिरहेछ भन्नेमा भर पर्ने देखिन्छ ।

**तालिका ५ : कारवाहीका प्रकार**[१९]

| प्रकार | आवृत्ति | प्रतिशत |
|---|---|---|
| मौखिक | ३ | २.६ |
| लिखित | ८२ | ७१.३ |
| ढरौट | १६ | १३.९ |
| जरिवाना | ५ | ४.३ |
| बन्द | ५ | ४.३ |
| ठाना, जेल चलान | ४ | ३.५ |
| **जम्मा** | **११५***| **१००** |

* २००७–१७ बीच पत्रिकामाथि गरिएका कारवाहीको आवृत्ति १०० भए पनि कारवाहीका विभिन्न प्रवर्गको कुल योगफल सो आवृत्तिभन्दा बढी छ । यसो हुनुको कारण केही पत्रिकालाई दुई थरी कारवाही भएकाले हो । केही पत्रिकालाई सरकारले पहिले लिखित स्पष्टीकरण लिएको र पछि चित्त नबुझेकाले ती पत्रिकालाई यति दिनभित्र या त ढरौट राख्न या बन्द गर्न आदेश दिएको पाइन्छ । यस्तो अवस्थामा कोडिङ गर्दा दुइटै प्रवर्गमा गनिएको थियो ।

माथि कानुनी खण्डमा उल्लेख गरिएझैँ, वि.सं. २००७ लगत्तै ढरौट राख्ने व्यवस्था खारेज भए पनि त्यसलाई सरकारले कानुनतः पुनःस्थापित गरेको थियो । सोहीअनुरूप कतिपय पत्रिकाले सुरुमै ढरौट राख्नु पर्‍यो, यद्यपि ढरौट माग्ने नमाग्ने निर्णय सम्बन्धित अधिकारीको तजबीजमा छाडियो । पत्रिकामा छापिएका सामग्री सरकारलाई आपत्तिजनक लाग्यो भने पनि उसले पत्रिकासँग ढरौट (नयाँ अथवा थप) माग्न थाल्यो । तालिका ५ ले करिब १४ प्रतिशत कारवाहीमा ढरौट मागिएको देखाउँछ । कतिपय अवस्थामा ढरौट स्याहा गरिएको अथवा जफत गरिएको र थप ढरौट मागिएको थियो । यसरी मागिएको ढरौट तिर्न नसकेर या

---

[१९] कस्तो अवस्थामा कुन कारवाही हुने भन्ने विषयमा प्रस्टता छैन, यो तजबीजी निर्णय जस्तो देखिन्छ ।

राख्न नचाहेर पनि पत्रपत्रिका बन्द भएका थिए ।[२०] तर केही अवस्थामा (५ पटक) सरकार स्वयंले पत्रिका बन्द गर्न आदेश दिएको थियो । केआई सिंह सरकारको पालामा दुइटा (*समाज* र *देश सेवा*) तथा मातृका सरकारको पालामा पनि दुइटा पत्रिका (*राष्ट्रवाणी* र *खसोखास*) लाई बन्द गर्न आदेश दिएको थियो भने महेन्द्रको प्रत्यक्ष शासनकालमा एउटा पत्रिका (*उज्यालो*) बन्द गरिएको थियो ।

सरकारले धेरै ढरौट मागेको अवस्थामा या बन्द गर्न आदेश दिएको खण्डमा सो पत्रिकासँग सम्बन्धित व्यक्ति या संस्थाले तुरुन्तै नयाँ पत्रिका दर्ता गरेर प्रकाशन गर्ने प्रवृत्ति देखिन्छ । उदाहरणका लागि, तारिणीप्रसाद कोइरालाको सम्पादनमा निस्कने *दियालो*लाई टंकप्रसाद सरकारले ३ हजार ढरौट बुझाएपछि मात्र प्रकाशन गर्न पाउने भनेपछि सो पत्रिका बन्द भयो । तर उनीहरूले त्यसको स्थानमा *उज्यालो* पत्रिका दर्ता गरेर प्रकाशमा ल्याए । यो पत्रिका पनि महेन्द्रको शासनावधिमा बन्द गर्न आदेश दिइयो र पत्रिका दर्ता गर्दा राखिएको रु ५०० ढरौट पनि जफत गरियो । त्यसपछि सोही समूहले अर्को पत्रिका *कल्पना* दर्ता एवं प्रकाशन गऱ्यो । त्यसै गरी, *सही रास्ता*लाई कारवाही गरिएपछि *प्रहरी* र *संयुक्त प्रयास* बन्द भएपछि *जन प्रयास* पत्रिका सुरु गरिएका थिए ।

पत्रपत्रिकालाई गरिएका कारवाहीको आवृत्ति केलाउँदा ५ पटक जरिवाना गरेको तालिकाबाट देखिए पनि सरकारले मात्र सबै दण्ड, जरिवाना गरेको होइन । त्यसमध्ये एउटा न्यायालयको अवहेलना भएको भन्दै उसले नेपाली राष्ट्रिय काँग्रेसका सम्बन्धित व्यक्तिलाई गरेको हो । पत्रिकाले गाली बेइज्जती गऱ्यो भनेर व्यक्तिविशेषले फौजदारी अदालतमा मुद्दा दायर गरेपछि अदालतले पीडितका पक्षमा निर्णय गर्दै पत्रिकालाई जरिवाना तिर्न भनेको थियो ।[२१]

पत्रपत्रिकामा छापिएका विषयवस्तुलाई लिएर सम्पादक या प्रकाशकले पनि जेल या ठानामा बस्नु परेको छ । यसरी जेलको हावा खानेमा *राँको* साप्ताहिकका सम्पादक इश्वरानन्द श्रेष्ठाचार्य र *समाज*का सम्पादक मणिराज उपाध्याय थिए । नेपाल जनवादी संघको मुखपत्र *राँको*ले उक्त पार्टीका प्रेमबहादुर कंसाकारको वक्तृत्वमा आधारित रही 'नेहरु सरकारको चिहान नेपालमा खनिने' समाचार छापेको थियो । तत्कालीन मातृका सरकारले सो पत्रिका बेच्ने हकरबाट समेत

[२०] कतिपय अवस्थमा ढरौट राख्नुभन्दा नयाँ पत्रिका सुरु गर्नु सस्तो पर्थ्यो ।

[२१] पत्रिकाले गलत समाचार छापेर आफ्नो गाली बेइज्जती गरेको भन्दै पत्रिका विरुद्ध मानहानिको मुद्दा दायर गर्ने पीडितका पक्षमा फौजदारी अदालतले दुई पटक फैसला गरेको र ती फैसलामा एक पटक १० रुपैयाँ र अर्को पटक जनही १०० रुपैयाँ जरिवाना गरेको थियो ।

पत्रिका खोसेको र उक्त पत्रिकाका सम्पादकलाई दुई दिन ठानामा र प्रेमबहादुरलाई करिब तीन महिना नजरबन्दमा राखेको देवकोटा (२०२४) मा उल्लेख छ । *समाज*का सम्पादक उपाध्यायलाई केआई सिंह सरकारले सार्वजनिक सुरक्षा ऐन लगाएर थुनेको थियो ।[२२] केआई सिंह प्रधानमन्त्री भएदेखि नै यो पत्रिकाले उक्त सरकारको निरन्तर कडा विरोध गरेको मात्रै नभई 'पत्रिकाले बाध्य भएर कदम उठाउने चेतावनी' समेत दिएको थियो । तर, सिंह सरकार चाँडै नै बदली भएकाले उपाध्याय करिब दुई हप्तामात्र जेलमा बस्नु पर्‍यो ।

नेपाल सरकारले दिल्लीमा एउटा राष्ट्रघाती सम्झौता गर्न लागेको तर भारतीय प्रधानमन्त्री नेहरूले नै नमानेकाले नेपाल जोगिएको भनी स्रोत नखुलाई उक्त सम्झौताको नक्कल भन्दै *झ्याली* साप्ताहिकले प्रकाशन गरेको थियो । सो सामग्री छापिएपछि काठमाडौँ मजिस्ट्रेट[२३] ले सम्पादक प्रमोद शमशेर राणालाई कारवाही गरेका थिए । उक्त समाचार सामग्री प्रकाशन भएपछि मजिस्ट्रेट कार्यालयबाट राणालाई लिन कर्मचारी गएका थिए र राणा सँगै आउन नमाने अरेस्ट गरेर ल्याउनु भन्ने आदेश कर्मचारीलाई थियो । २०१४ सालमा संशोधित कानुनमा व्यवस्था भएको अधिकतम दण्ड (दुई वर्ष कैद र दुई हजार जरिवाना) नै राणालाई दिनुपर्ने मजिस्ट्रेट कार्यालयले टिप्पणी उठाएको थियो । ढरौटबापत दुई हजार र कैदबापत ४३२ रूपैयाँ जमानत बुझाएर सम्पादक राणा बाहिरिएका थिए ।[२४]

## *कारवाही गर्ने निकाय*

त्यस बेला पत्रपत्रिकालाई कारवाही गर्ने मुख्य निकायमा जिल्ला मजिस्ट्रेटको कार्यालय देखा पर्छ । जम्मा (१००) कारवाहीमध्ये ८७ कारवाही काठमाडौँ जिल्ला मजिस्ट्रेटले गरेको छ (तालिका ६) । प्रायः मजिस्ट्रेट कार्यालय आफैँले कारवाही अगाडि बढाए पनि कतिपय अवस्थामा गृह सचिवालय या मन्त्रालय र प्रधानमन्त्री समेतले आदेश दिएपछि मजिस्ट्रेट कार्यालयले कारवाही अगाडि बढाएको पाइयो ।

---

[२२] केआई सिंह प्रधानमन्त्री बनाइएको विरोधमा समाचार लेखेको *समाज*लाई काठमाडौँ मजिस्ट्रेटको कार्यालयले स्पष्टीकरणको पूर्जी काटेपछि पत्रिकाले राजद्रोहीलाई प्रधानमन्त्रीको कुर्सी र राजभक्तलाई पूर्जी भन्दै पुनः समाचार छापेको थियो ।

[२३] वर्तमानमा प्रमुख जिल्ला अधिकारी भनिने सरकारी कर्मचारी नै पहिलेका जिल्ला मजिस्ट्रेट हुन् भन्न सकिन्छ ।

[२४] नेपाली काँग्रेसको सरकार बनेपछि *झ्याली*ले ढरौट फिर्ता पाउन निवदेन दिएको र फिर्ता पाएको थियो ।

प्रहरी स्वयंले अग्रसर भएर पनि कुनै कुनै मुद्दामा कारवाही अगाडि बढाएको छ । पत्रिका (बुलेटिन) लाई सुरुमै न्यायालयले कारवाही[२५] गरे पनि पछिल्ला दिनमा उसले पत्रपत्रिकाका पक्षमा पनि फैसला गरेको थियो । र, न्यायालयलाई 'अन्यायलय' भन्दा पनि माफी मागेपछि त्यसलाई छाडिदिएको थियो । सरकारले पत्रिकालाई ठुलो रकम ढरौट राख्न र नराखेसम्म पत्रिका प्रकाशन गर्न नपाइने निर्णय गर्दा प्रायः पत्रिका अदालतको शरणमा पुगेको पाइन्छ । केहीमा पत्रिकाको पक्षमा (जस्तो : *सही रास्ता*) र केहीमा विपक्षमा अदालतको फैसला गएको थियो (उदाहरण : *नेपाल भाषा, दियालो*) ।[२६] अदालतले सरकारी निकायले आपत्तिजनक मानेका सामग्रीलाई अध्ययन गरी निर्णय दिन्थ्यो । प्रहरीले *सही रास्ता* पत्रिका बन्द गर्न आदेश दिँदा त्यसो गर्ने कुनै अधिकार प्रहरीलाई नभएको निर्णय दिँदै अनधिकृत कार्य गरेकोमा उसलाई नसिहत दिन पनि अदालतले आदेश दिएको थियो ।[२७]

---

[२५] वि.सं. २००७ मा प्रजातन्त्र स्थापनापछि प्रकाशनमा पहिलो कारवाही न्यायालयबाट भएको थियो । *नेपाली राष्ट्रिय काँग्रेसको बुलेटिन* (नं. ३१, २००८ भदौ १३) मा सो पार्टीका हृषिकेश शाहसम्बन्धी मुद्दामा छिटो फैसला नगरेकोमा सर्वोच्च अदालत (तत्कालीन प्रधान न्यायालय) प्रति असन्तुष्टि व्यक्त गर्दै 'नयाँ आएका न्यायाधीशले पनि कानमै तेल हालेर बस्ने यो क्या हो ?' भनेर छापेको थियो । यो सामग्रीलाई न्यायालयले आफ्नो अपमान भएको ठानी त्यस्तो निराधार सामग्री छाप्नाका कारण खुलाउन र किन कारवाही हुन नपर्ने भनी तीन दिनभित्र लेखी पठाउनु भनी सो पार्टीका अध्यक्ष डिल्लीरमण रेग्मी, प्रचारमन्त्री शंकरप्रसाद उपाध्याय, प्रचार विभाग अध्यक्ष तेजकान्त जोशी र छापाखानाका मालिकसमेत लेखी पठाएको देखिन्छ । कानमा तेल हाल्नु पदावली अपमानजनक होइन भन्ने प्रतिवादीको दलिललाई अस्वीकार गर्दै अन्तरिम विधानअनुसार न्यायालयको अपमान भएको ठहर गर्दै उनीहरूलाई ६ महिना कैद र ५ सय जरिवानासमेत तोकेको थियो ।

[२६] *नेपाल भाषा* पत्रिकाले धर्म निरपेक्ष राज्यको माग गरेको र 'बहुमत गैरहिन्दू भएको देशमा' राज्यले गौ हत्यालाई आपराधिक कार्य मान्ने कानुनी व्यवस्थाको आलोचना गर्दै सामग्रीहरू प्रकाशन गरेको थियो । काठमाडौँ मजिस्ट्रेटको कार्यालयले अधिकतम (तीन हजार) ढरौटको माग गर्दै टिप्पणी उठाए पनि गृहमन्त्रालयको आदेशमा पत्रिकाले 'समाजमा विषाक्त वातावरण खडा गर्न खोजे पनि अल्पसंख्यक समुदायको पत्रिका' भएकाले जम्मा एक हजार मात्र ढरौट लिन आदेश दिएको थियो । वि.सं. २०१६ मा गृहमन्त्री सूर्यप्रसाद उपाध्यायको आदेशमा पत्रिकाले ढरौट फिर्ता पाएको थियो ।

[२७] सर्वोच्च अदालतबाट सूचना तथा सञ्चारका क्षेत्रमा भएका निर्णयहरूका लागि दाहाल र अरू (२०६५) हेर्नुहोस् ।

तालिका ६ : कारवाही गर्ने निकाय

| निकाय | संख्या |
|---|---|
| काठमाडौँ मजिस्ट्रेट, गृह सचिवालय या मन्त्रालय | ८७ |
| प्रहरी | ६ |
| अदालत | ७ |
| **जम्मा** | **१००** |

## पत्रकारिताको अभ्यास : के छाप्न हुने, के छाप्न नहुने ?

पत्रपत्रिकालाई तिनमा प्रकाशित सामग्रीकै आधारमा कारवाही गरिने हुनाले ती कस्ता सामग्री हुन् जुन कारवाहीयोग्य बन्छन् भन्ने केलाउन जरूरी हुन्छ । सरकारी निकायले मौखिक या लिखित स्पष्टीकरण मागेका या बयान लिएका प्रश्नका आधारमा कुनकुन विषय या निकायबारे छापिएका सामग्री सरकारी नजरमा आपत्तिजनक हुँदा रहेछन् भनेर थाहा हुन्छ । सरकारी निकाय र न्यायालयले जवाफतलब गरेका सामग्रीका आधारमा निम्न विषयबारेका सामग्री (मुख्य गरी आलोचनात्मक सामग्री) कारवाहीका भागी हुने पाइयो : राजा, राजसंस्था र राजपरिवारको आलोचना; सरकारको या प्रधानमन्त्रीको या सरकारी कर्मचारीको आलोचना; विदेशी सरकार या व्यक्तिको आलोचना; आदि ।

तालिका ७ : कारवाहीयोग्य बनेका विषय/सामग्री

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राजा, राजपरिवार | २५ | २० |
| प्रधानमन्त्री, सरकार | ५३ | ४२.४ |
| भारत सरकार, संस्था | १६ | १२.८ |
| अन्य विदेशी राष्ट्र, व्यक्ति | ८ | ६.४ |
| सरकारी कर्मचारी | १३ | १०.४ |
| पत्रिका | २ | १.६ |
| अन्य व्यक्ति, संस्था | ८ | ६.४ |
| **जम्मा** | **१२५*** | **१००** |

* पत्रिकालाई गरिएका कुल कारवाही संख्या (१००) भन्दा कारवाही भएका विषयको कुल संख्या धेरै छ । यसो हुनुको कारण एउटा स्पष्टीकरणमा एकभन्दा बढी अब्जेक्सनेबल सामग्री हुने भएकाले हो । जस्तो, जिल्ला मजिस्ट्रेटले एउटै समाचारमा सरकार र भारतको या सरकार र राजाको आलोचना गरेकोमा स्पष्टीकरण लियो भने त्यस्तो अवस्थामा ती दुवै विषयलाई आपत्तिजनक विषयवस्तु मानेर कोडिङ गरिएको छ ।

पत्रिकालाई कारवाही गर्दा आलोचनापूर्ण सामग्री मात्र आपत्तिजनक मानिएका नभई सामान्य जानकारीमूलक सामग्री पनि आपत्तिजनक मान्ने गरिन्थ्यो । जानकारीमूलक सामग्रीबारे पनि किन, कुन आधारमा छापेको भनेर बयान लिएको देखिन्छ, यद्यपि पछिल्ला दिनमा त्यस्ता स्पष्टीकरणका संख्या घटेका थिए । पत्रिकालाई गरिएका कारवाही केलाउँदा प्रधानमन्त्री या सरकारलाई आलोचना गरेर सामग्री छापेपछि सबैभन्दा धेरै (करिब ४२ प्रतिशत) कारवाही भएको थियो । त्यसपछि राजा, राजपरिवारप्रति आलोचना गरेका सामग्रीबारे धेरै (२० प्रतिशत) कारवाही भएको पाइयो भने विदेशी नियोग, व्यक्तिबारेका सामग्री पनि करिब उत्तिकै संख्यामा (करिब १९ प्रतिशत) आपत्तिजनक मानिएको थियो । कानुनी व्यवस्थामा भएका परिवर्तन र संशोधनमा (हेर्नुहोस् खण्ड १) पनि मुख्यतः यी तीन ओटा क्षेत्र (र अझ मुख्य गरी राजसंस्था र राजपरिवार) लाई नै पत्रिकाका तीखा अस्त्रबाट बचाउने नियत स्पस्ट झल्कन्छ । तलका खण्डमा सरकारी नजरमा आपत्तिजनक मानिएका केही सामग्रीका आधारमा प्रकाशित सामग्रीबारे थप चर्चा गरिन्छ ।

## *बहुरंगी सामग्री र सवाल*

वि.सं. २००७ देखि १७ सम्मको अवधिमा कारवाही गरिएका पत्रिकाका सामग्री र अझ विशेष गरी सरकारी निकायले सोधेका प्रश्न अहिलेको सन्दर्भमा निकै अनौठा लाग्छन् । प्रायः आपत्तिजनक मानिएको सामग्रीको सुरुमा के, कुन आधारमा छापेको ? के सबुत, प्रमाण छ ? जस्ता प्रश्न सोधेको पाइन्छ । त्यस्तै, कुनै जानकारी तपाईंले कहाँबाट थाहा पाउनु भएको हो ? त्यस्तो भएकै हो भन्ने तपाईंसँग के प्रमाण छ ? कुन सूत्रबाट थाहा पाएको हो सो भन्नुहोस् ? यसको अर्थ के हो ? आशय के हो ? कुन कुराको आधारमा तपाईंले यो विचार प्रकट गर्नु भएको हो, आदि प्रश्न गरिएको पाइन्छ ।

उदाहरणका लागि, 'राजकीय परिषद्का अध्यक्ष फ्रान्स सवारी हुने' शीर्षकमा *समाज*ले '...जानकार क्षेत्रमा सुनिन्छ कि ... परिषद्का अध्यक्ष फ्रान्स सवारी होइबक्सने सम्भावना छ' भन्दै समाचार बनाएको रहेछ । समाचार छापिएपछि काठमाडौँ मजिस्ट्रेटको कार्यालयले कुन आधारमा समाचार प्रकाशित गरेको भनेर सोध्यो । सोही पत्रिकामा नन्दलाल पाण्डे, एम.ए. भद्रगोल जेलमा केही दिनदेखि आमरण अनशन बसिरहेको भन्ने समाचार छापिएपछि मजिस्ट्रेटको कार्यालयले 'नन्दलाल पाण्डे एम.ए. लेखिएको रहेछ, निजले एम.ए. डिग्री प्राप्त गर्नु भएको भए कुन युनिभर्सिटीबाट प्राप्त गर्नु भएको रहेछ, औ तपाईंले के आधारमा सो लेख्नुभएको हो स्पष्ट गरिदिनुहोस्' भनेर प्रकाशकलाई सोध्यो । सामान्य जानकारीमूलक

यस्ता समाचारबारे पनि प्रश्न गरिनुको पछाडि सत्यतथ्य मात्र प्रकाशन होस् भन्ने ध्येय मात्र रहेको भने होइन । मुख्यतः बन्द समाजमा सूचनामाथि नियन्त्रण कसेर बसेकाहरूको खुला समाजमा आउँदाको छटपटीको रूपमा यसलाई हेर्न सकिन्छ ।

सोधिएका प्रश्न र आपत्तिजनक मानिएका सामग्री केलाउँदा पत्रिकाले छापेका समाचार या सामग्री पनि अहिलेको सन्दर्भमा अनौठा लाग्छन् । 'नेपालको पञ्चवर्षीय योजनाको प्रचारलाई पाइएको ६ लाख रूपैयाँबाट केही रूपैयाँ विदेशी पत्रिकामा कुनै व्यक्तिलाई दिइएको छ भन्ने *गामगुम हल्ला चलेको* छ' भन्ने सामग्रीदेखि 'प्रम केआई सिंहको जीवनीबारेको समाचार जुन हिसाबले प्रसारण भैरहेछ सोबारे *श्री ५ को प्रेस एटासेले कदम उठाएन भने बाध्य भएर कदम उठाउने चेतावनी* पनि पत्रिका (*समाज*) ले छापेको थियो । त्यस्तै खड्गमान सिंहलाई अर्को पत्रिका *सही सन्देश*ले बहुलासमेत भन्न भ्याएको थियो । *हालखबर*लाई कुन आधारमा छापेको भनेर प्रश्न गर्दा उसले आफूपछि छापिएको पत्रिकातर्फ देखाएको थियो भने *नेपाल डेली*ले 'रे' का आधारमा, हल्लाका आधारमा समाचार बनाएको थियो । यी र यस्तै सामग्री र अझ प्रस्तुतिको शैली अहिले मूलधार भनिने पत्रिकामा देख्न पाइँदैन । यद्यपि, उहिलेका ती पत्रिकाको शैलीको प्रतिविम्ब अहिलेका कतिपय साप्ताहिक पत्रिकाको शैलीमा अझै देखिन्छ ।

## *सरकारको आलोचना : दलीय पत्रकारिताको बढी प्रभाव ?*

शासनसत्तामा बसेका या प्रधानमन्त्री अथवा सरकारको स्वस्थ आलोचना लोकतन्त्रमा स्वाभाविक मानिन्छ । तर सत्तामा बसेकालाई आलोचना सुन्ने धैर्य प्रायः देखिँदैन । वि.सं. २००७–१७ बीचमा नेपालका पत्रपत्रिकालाई गरिएका कारवाहीले पनि त्यो देखाउँछ । तालिका ७ ले देखाएजस्तै सरकारी निकायले आपत्तिजनक मान्ने सामग्रीमा सबैभन्दा धेरै सरकार प्रमुख (प्रधानमन्त्री) र सरकारबारे छापिएका सामग्री (समाचार, लेख, सम्पादकीय, चिठी) छन् । करिब ४२ प्रतिशत कारवाही सरकार या सरकारका प्रमुखबारेका प्रकाशित सामग्रीसँग सम्बन्धित छन् । अझ त्यसमा सरकारी कर्मचारीबारेका सामग्री पनि जोड्ने हो भने त्यो प्रतिशत ५० भन्दा माथि पुग्छ ।

सरकार र पत्रिकाबीच देखिएको असहज सम्बन्धलाई हामीले तत्कालीन राजनीतिक परिवेशको सन्दर्भमा हेर्नुपर्छ । तत्कालीन समयमा राजनीति ध्रुवीकृत थियो । विभिन्न दलहरू आपसमा नमिल्ने मात्रै होइन एक अर्काको विरुद्ध (विशेष गरी जो सत्तामा छ सो विरुद्ध) आक्रामक भएर प्रस्तुत हुने गर्थे । यो समस्या खास गरेर महेन्द्रले राजद्रोहको आरोप लागेर निर्वासित जीवन बिताइरहेका केआई सिंहलाई प्रधानमन्त्री बनाएपछि थप चर्किएको थियो । त्यस्तै समस्या तब देखियो जब नेपाली काँग्रेसले

आमनिर्वाचनमा दुई तिहाई बहुमत ल्याएर सरकार बनायो जसले गर्दा निकट भविष्यमा सरकारमा सामेल हुने साना दलहरूको सम्भावना सकियो । लोकराज बराल लेख्छन्, "२०१५ सालको निर्वाचनमा सकिएपछि निर्वाचनमा नराम्ररी पछारिएका दलहरूले सरकारलाई प्रत्येक अवसरमा एक्ल्याउन आफ्ना सबै स्रोतहरू लगाए । दलीय र गुटगत आधारमा बाँडिएको नेपाली प्रेस पनि सोहीअनुरूप राजनीतिक तनाव बढाउने र असन्तुष्टि फैलाउने काममा लागिपऱ्यो" (बराल सन् १९७५ : १२२) ।

कारवाहीमा परेका धेरै पत्रिकाले दलका घोषित/अघोषित मुखपत्रका रूपमा काम गरिरहेका थिए र तिनले आफू सम्बन्धित दलको जस्तो अडान लिन्थे भन्न सकिन्छ । उदाहरणका लागि *उज्यालो, दियालो, कल्पना, नेपाल पुकार* नेपाली काँग्रेससँग सम्बन्धित पत्रिका हुन् भने *संयुक्त प्रयास, जनप्रयास* र *हालखबर* केआई सिंह नजिकका पत्रिका हुन् । त्यस्तै, *समाज, सही रास्ता, प्रहरी* प्रजापरिषद्का कार्यकर्ताले चलाएका पत्रिका हुन् । दल वा दलसँग सम्बन्धित व्यक्तिले पत्रिका सञ्चालन गर्ने हुनाले तिनमा दलका अडान प्रतिविम्बित हुनु कुनै अनौठो भएन । सरकारी निकायबाट भएका कारवाही केलाउँदा एउटा सरकारले गरेको कारवाही अर्को सरकार आउँदा फुकुवा भएका यथेष्ट उदाहरण छन् । त्यस्तै, सरकारी निकाय (मजिस्ट्रेट) ले कारवाही गरे पनि पत्रकारले मन्त्री या प्रधानमन्त्रीसमक्ष निवेदन हाल्दा सजाय माफी भएको पनि छ ।[२८]

## *राजा/राजसंस्था : कानुनले कसै पनि आलोचनाबाहिर छैन*

अध्ययन अवधिमा नेपालको कानुनी क्षेत्रमा (विशेष गरी वाक् तथा प्रकाशनसम्बन्धी कानुनमा) आएको परिवर्तनलाई हेर्ने हो भने त्यसले राजनीतिक क्षेत्रमा भएको शक्ति संरचनामा आएको परिवर्तनलाई पनि संकेत गर्छ । माथि (खण्ड १ मा) उल्लेख भएझैँ छापाखाना तथा प्रकाशन ऐनमा गरिएका परिवर्तनले प्रेस स्वतन्त्रता क्रमशः खुम्चिएको र ती कानुनमा राजा, राजसंस्था र राजपरिवारलाई सबैभन्दा बढी संरक्षित गरिएको थियो । राजा र उनको परिवारलाई आलोचना गरेमा दिइने

---

[२८] उदाहरणका लागि, राजसंस्था र सरकारको अपहेलना गरेको र घृणा एवं द्वेष फैलाएको आरोपमा काठमाडौँ मजिस्ट्रेटको कार्यालयले *समाज*लाई पन्ध्र दिनभित्र थप रु १५०० ढरौट राख्न र सो नराखेमा पत्रिकाको दर्ता खारेज गर्न आदेश दिएको थियो । सो निर्णयविरूद्ध पत्रिकाले न्यायालय गुहारे पनि उसको पक्षमा अदालतको आदेश आएन । पछि उक्त पत्रिकाले तत्कालीन प्रधानमन्त्री बीपी कोइरालालाई गुहाऱ्यो, र प्रमको निजी सचिवालयले नयाँ सरकारको नीति प्रेसलाई नियन्त्रण गर्ने नभई थप सहायता गर्ने भएकाले कारवाही फुक्का गरी ढरौट फिर्ता दिन मजिस्ट्रेटको कार्यालयलाई निर्देशन दियो ।

दण्ड सजायमा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । यसले राजाको बढ्दो शक्तिलाई इंगित गर्छ ।[२९] राजा या उनको परिवारबारे सामान्य सामग्री छापिए पनि ती सामग्री प्रकाशन गर्ने पत्रिकालाई सरकारी निकायले स्पष्टीकरण माग्ने गरेको थियो ।

राजाको शक्ति निरन्तर बढे पनि राजसंस्था आलोचनाको घेरोभन्दा माथि देखिँदैन । त्रिभुवनलाई पत्रिकाले या आलोचना गरेनन् या उनको पालामा पत्रिकालाई कारवाही भएन । तर उनका छोरा भने सत्ता हातमा लिएर एकलौटी शासन सञ्चालन गर्न र दलहरूलाई उपयोग गर्दै मिल्काउन उद्यत भएकाले उनलाई पत्रिकाले पनि आलोचनाको तारो बनाएका थिए । महेन्द्रले राज्यको ढुकुटी दुरुपयोग गर्दै देशभरि घुम्दा जथाभावी सरकारी पैसा बाँडेको, वार्षिक रूपमा ठुलो तलबी खर्च (५२ लाख) लिएको, प्रत्यक्ष शासन गरेको जस्ता विषयमा पत्रिकाले विरोध गरेका छन् (जस्तो, *समाज, समय, दियालो, उज्यालो, भूगोलपार्क, स्वतन्त्र समाचार,* आदि) । गणेशमान सिंह, पुष्पलाल, विश्वबन्धु थापा, तुलसी गिरी[३०] जस्ता व्यक्तिले महेन्द्रलाई अधिनायकवादी भन्दै विरोध गरेको र राजाका प्रत्येक कामको आलोचना गर्न पाउनु जनताको जन्मसिद्ध अधिकार हो भन्ने तर्क पत्रिका र स्पष्टीकरणमा गरेको देखिन्छ (*नेपाल पुकार, उज्यालो*) । यसले दरबारले आफ्नो विरोध गर्नेलाई कानुनी हिसाबमा विस्तारै तह लगाउन खोजे पनि दरबारको सो चाहना यो अवधिमा पूरा भएको देखिँदैन । पत्रिकाले जोखिम मोलेर विरोध गरिरहेका थिए र एउटा पत्रिका बन्द गरिँदा अर्को दर्ता गरेर प्रकाशन गरेका थिए ।

## *विदेशी : आलोचनाभन्दा माथि*

नेपालका सरकारहरू विदेशीप्रति बढ्तै संवेदनशील थिए भन्ने तथ्य अध्ययन अवधिका पत्रिकालाई गरिएका कारवाहीबाट झल्कन्छ । नेपाल र नेपालस्थित राजदूतलाई मात्र पहिले आलोचनाको घेरो बाहिर राखिए पनि पछि कानुन

---

[२९] वि.सं. २०१४ मा गठित प्रेस कमिशनको प्रतिवेदनमा पत्रकारका लागि बनाइएका नियम (खण्ड १२) मा पत्रकारले राजा र राजपरिवारलाई आलोचना गर्ने र विवादमा तान्ने सामग्रीलाई प्रोत्साहन नगर्न सुझाव दिइएको छ (हेर्नुहोस्, प्रेस काउन्सिल नेपाल २०६० : ३४८) । यो कमिशन पहिले राजदरबारका प्रेस अटासेको अध्यक्षतामा गठन गरिएको थियो । पछि त्यसलाई पुनर्गठन गरियो र प्रधान न्यायालयका विशेष न्यायाधीशले यो कमिशनको नेतृत्व गरेका थिए ।

[३०] विश्वबन्धु थापा र तुलसी गिरीले प्रजातन्त्रको पक्षमा र राजाको बढ्दो सक्रियताको विपक्षमा तर्कहरू गरेको देखिन्छ । तर वि.सं. २०१७ मा महेन्द्रले बहुदलीय प्रजातन्त्र समाप्त पारेर शासनसत्ता हातमा लिँदा थापा र गिरी उनका मुख्य मतियार थिए ।

संशोधन गरेर 'विदेशी मुलुकलाई घृणा र निरादर गराउने तथा नेपाल र मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पार्ने' काम पनि अपराध मानियो र दण्डनीय बनाइयो । नेपाली पत्रिकामा छापिएका र आपत्तिजनक मानिएका विदेशसँग सम्बन्धित सामग्रीमा आधाजति भारतसँग सम्बन्धित छन् । भारत सरकार, त्यहाँका प्रधानमन्त्री नेहरू, नेपालस्थित भारतीय मिलिटरी मिशन, आदिबारे प्रकाशित सामग्रीमा सरकारले चासोखाँचो देखाएर स्पष्टीकरण मागेको थियो । 'विदेशी हस्तक्षेपविरूद्ध संघर्ष नगर्नु नपुंसकता हो, नेहरू सरकारको चिहान नेपालमा' शीर्षकमा समाचार छाप्दा *राँको* पत्रिकाका सम्पादकले दुई दिन र उक्त कुरा बोल्ने व्यक्तिले जेलसमेत जानु परेको कुरा यसअघि नै उल्लेख भइसकेको छ । नेहरूबारेकै समाचार र भारतीय मिलिटरी मिशनको आतंक भन्ने समाचार प्रकाशन गरेपछि पत्रिकाहरू *(सही रास्ता, समाज, गोरेटो, दियालो,* आदि) लाई मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पार्न खोजेको भन्दै ढरौट मागिएको थियो ।

त्यस्तै, नेपालस्थित सोभियत दूतावासका कर्मचारी फिर्ता गएको र उनको काम सन्तोषजनक थिएन भन्ने समाचार (*नयाँ समाज*) र अमेरिकी कार्यक्रम प्रभावकारी नभएको भन्ने सामग्रीलाई पनि आपत्तिजनक मान्दै सरकारी निकायले स्पष्टीकरण खोजेको थियो । इटलीका अन्वेषक टुची नेपाल आएकोमा *समाज*ले शृंखलाबद्ध सामग्री प्रकाशन गरेको थियो जसको प्रतिवाद सरकारी निकायले गरेको र पछि काठमाडौँ मजिस्ट्रेटको कार्यालयले स्पष्टीकरण मागेको थियो । यसरी सरकारका नजरमा विदेश, विदेशीसँग सम्बन्धित सामग्रीप्रति ज्यादै सचेत र तिनीहरूबारे नकारात्मक सामग्री त झनै छाप्न हुन्न भन्ने सोच देखिन्छ ।

## निष्कर्ष

एक शताब्दीभन्दा लामो राणाहरूको पारिवारिक एकतन्त्री शासन वि.सं. २००७ मा समाप्त भएपछि मुलुकको राजनीतिक व्यवस्थामा आधारभूत भिन्नता आयो : प्रजातन्त्रले तानाशाहीलाई विस्थापन गर्‍यो । त्यसपछिको एक दशकमा, लोकराज बराल लेख्छन्, “मानिसहरूले तिनका राजनीतिक शैलीमात्र परिवर्तन गरेनन्, विभिन्न क्षेत्रमा नवजागरण समेत ल्याए” (बराल सन् १९७५ : १७१) । कमलप्रकाश मल्लले वि.सं. २००७-१७ को अवधिलाई अभिव्यक्तिको दशक भनेका छन् किनकि यो कालखण्डमा विभिन्न विचार, गतिविधि र सांगठनिक प्रयासहरूको विस्फोट भएको थियो (मल्ल सन् १९७९ : १९२) । देशैभरि मानिसहरूमा कौतुहलता, उत्सुकता, जागरण देखिन्थ्यो र उनीहरू एक्लै र संगठित रूपमा आफूलाई विभिन्न ढाँचा, स्वरूपमा अभिव्यक्त गर्दै थिए : राजनीतिक दल, स्कूल, पुस्तकालय,

साहित्यिक संस्था, नाट्य समूह, क्लब, पत्रिका, अध्ययन समूह, आदि मार्फत (पराजुली सन् २००९) ।[३१]

नयाँ राजनीतिक वातावरण र संविधानले प्रत्याभूत गरेको वाक् तथा प्रकाशन स्वतन्त्रताको उपयोग गर्दै पत्रपत्रिका पनि प्रकाशन हुन थालेको र राणाशाही पछिको एक दशकमा तिनको संख्यामा व्यापक विस्तार देखिन्छ । तर पत्रकारिताको अभ्यास लामो नभएकाले पत्रिकाले प्रकाशन गरेका सामग्री, तिनको प्रस्तुति र शैलीमा केही समस्या थिए । ती संस्था परिपक्व र व्यवस्थित थिएनन् भन्ने तिनका सामग्रीबाट अनुभूत गर्न सकिन्छ । यी पत्रिका सञ्चालन र विस्तारमा राजनीतिक दलहरूको पनि ठुलै भूमिका थियो । तर, दलहरूको आपसी सम्बन्ध हार्दिक थिएन जसको प्रतिविम्ब पत्रिकामा पनि देखिन्थ्यो (हेर्नुहोस् बराल सन् १९७५) । यसको मतलब हुन्थ्यो प्रतिपक्षमा रहेका दलसँग सम्बन्धित पत्रिकामाथि धेरै कारवाही । यसले पनि पत्रिकामाथि हुने कारवाहीहरूको संख्या बढाउन सघाएको थियो । मुख्यतः तीन ओटा क्षेत्र : राजा र राजपरिवार, सरकार र प्रधानमन्त्री तथा विदेशी मुलुक या व्यक्तिबारे छापिने सामग्रीप्रति सरकारी निकाय संवेदनशील हुने र ती सामग्री आलोचनात्मक भएमा कारवाहीको भागिदार हुने सम्भावना बढ्ने देखिन्छ । तर, वि.सं. २००७ पछिको नेपाली प्रेसले जोखिम मोलेको र सत्ता र शासकको नडराई आलोचना गरेको पाइन्छ ।

यद्यपि, सँगै, स्रोत र सबुतप्रतिको राज्यका निकाय या अधिकारीहरूको भयंकर चासोलाई कसरी व्याख्या गर्ने भन्ने प्रश्न उठ्छ । नेहरु, भारत सरकार र अन्य विदेशी राष्ट्रप्रति नेपाली सरकार या अधिकारीको संवेदनशिलतालाई पनि बुझ्न सकिन्छ तर तिनले किन इटलीका अन्वेषक टुचीजस्ताको बचाउ गर्न दिलोज्यान लगाएका भन्ने सहजै बुझ्न सकिन्न । सबुत र स्रोत प्रतिको चासोलाई सत्य-तथ्य उजागर गर्ने ध्येयभन्दा पनि बन्द समाजबाट खुला समाजतर्फ जाँदा पहिले सबै सूचना जानकारी नियन्त्रण गरेर बसेकाहरूको छटपटी र अप्ठ्यारोको रूपमा हेर्नुपर्छ । सरकारी कर्मचारीका लागि टुची हुन् वा अरू कोही, ती विदेशी सरकारका प्रतिनिधि थिए । र, तीबारे छापिने नकारात्मक सामग्रीले दुई सरकारबीचको सम्बन्ध बिग्रन्छ भन्ने उनीहरू ठान्थे, अनि त्यस्तो अवस्था रोक्न ती प्रयत्नरत रहन्थे । अझ, विगतमा सबैखाले सूचनामा पकड राख्ने यी सरकारी अधिकारी (जो पुरानै व्यवस्थाका साक्षी थिए) बदलिएको समयमा पनि सूचनालाई त्यसरी नै

---

[३१] उक्त अवधिमा गैरसरकारी क्षेत्रमा भएको प्राज्ञिक कर्मबारे जान्न वन्त (सन् २०१२) र म्यागेजिनहरूबारे जान्न यसै अंकमा प्रकाशित अनन्त कोइराला, दीपक अर्याल र शमिक मिश्रको लेख हेर्नुहोस् ।

नियन्त्रित गर्न चाहन्थे, जसको प्रतिविम्ब पत्रिकामाथि भएका कारवाहीमा देख्न सकिन्छ ।

वि.सं. २००७-१७ को बीचमा शक्ति कसरी जनताबाट क्रमशः दरबारमा पुग्यो भन्ने अध्येताहरूले प्रस्ट पारेका छन् । राज्यका कामकारवाहीमा शाह शासकहरूको कसरी पकड बढ्दै गयो र वि.सं. २०१७ को कूपछि राज्यसत्ता पूर्णतः शाहहरूको हातमा पुग्यो भन्ने उनीहरूले देखाएका छन् (हेर्नुहोस् जोशी र रोज सन् १९६६, चौहान सन् १९७१, गुप्ता सन् १९९३) । प्रेसलाई नियमन गर्ने कानुनी प्रावधानहरूको अध्ययन (पहिलो खण्ड) ले वाक् तथा प्रकाशन क्षेत्रको ट्राजेक्टरी पनि त्योभन्दा धेरै भिन्न रहेको देखाउँदैन । तसर्थ, हामी अध्ययन अवधिमा सार्वजनिक वृत्तको विस्तार हुने क्रम एवं त्यसलाई नियमन र नियन्त्रण गर्ने राज्यको प्रयत्न समानान्तर रूपमा अगाडि बढिरहेको देख्न सक्छौँ । तर, अन्ततः शैशवकालीन नेपाली प्रेस र अझ समग्र सार्वजनिक वृत्तले शाहहरूको राजनीतिक वर्चश्व कायम गर्ने परियोजनालाई थेग्न सकेन र मुर्झायो (हेर्नुहोस् वन्त सन् २०१०) ।

## धन्यवाद

लेखको मस्यौदा पढेर रचनात्मक टिप्पणी सुझाव दिई सहयोग गर्ने प्रत्यूष वन्त, माइकल हट, योगेश राज, कुन्दन अर्याल, शरद घिमिरे, जर्नलको सम्पादन समूह लगायत मार्टिन चौतारीका साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै, अनुसन्धान सम्मेलनहरूमा यो पत्रमाथि भएको छलफलमा सहभागी भई टिप्पणी गर्नेहरूप्रति पनि आभार व्यक्त गर्दछु । लेखमा बाँकी बँचेका कमीकमजोरी भने मेरै हुन् ।

## सन्दर्भ सामग्री

अर्याल, दीपक । २०६८ । नेपाली भाषामा प्रकाशित पत्रपत्रिका (२००८–१३) । *मिडिया अध्ययन* ६ : १३१-४८ ।

आचार्य, बाबुराम । २००८ । हाम्रो राष्ट्रभाषा । *नेपाल शिक्षा* ४(१) : १५७-६३ ।

घिमिरे, जगदीश, सं । २०६८ । *कृष्णलालको मकैको खेती* । ललितपुर : जगदम्बा प्रकाशन ।

दाहाल, तारानाथ, ऋषिराम घिमिरे र सुवास शर्मा । २०६५ । *सर्वोच्च अदालतबाट प्रतिपादित सूचना तथा सञ्चारसम्बन्धी नजीरहरू* । काठमाडौं : फ्रिडम फोरम ।

देवकोटा, गृष्मबहादुर । २०२४ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* । काठमाडौँ : केशवप्रसाद लम्साल ।

पौडेल, भूपहरि । २०४५ । *कृष्णलाल अधिकारी र मकै पर्व* । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रेस काउन्सिल नेपाल । २०३० । *प्रकाशनको दिग्दर्शन* । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल नेपाल । २०६० । *प्रकाशनको दिग्दर्शन* (चौथो संस्करण) । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

Appadorai, A. and L.S. Baral. 2012. The 1959 Constitution of Nepal. In *Autocratic Monarchy: Politics in Panchayat Nepal,* Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 55-90. Kathmandu: Martin Chautari.

Baral, Lok Raj. 1975. The Press in Nepal, 1951-74. *Contribution to Nepalese Studies* 2(1): 169-86.

Baral, L.S. 2012[1971]. Nepal's Apprenticeship in Democracy 1951-1960. In *Autocratic Monarchy: Politics in Panchayat Nepal.* Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 91-122. Kathmandu: Martin Chautari.

Baral, L.S. 2012[1975]. King Mahendra's Coup of December 1960: Its Implications in Nepal. In *Autocratic Monarchy: Politics in Panchayat Nepal,* Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 123-60. Kathmandu: Martin Chautari.

Belbase, Subhadra and James E. Murphy. 1983. Press Performance in Nepal during Two Political Climate. *Journalism Quarterly* 60: 61-66.

Chalmers, Rhoderick. 2003. 'We Nepalis': Language, Literature and the Formation of a Nepali Public Sphere in India, 1914-1940. PhD dissertation. SOAS, University of London.

Chauhan, R.S. 1971. *The Political Development in Nepal, 1950-70: Conflict between Tradition and Modernity.* New Delhi: Associated Publishing House.

Gaige, Frederick. 1975. *Regionalism and National Unity in Nepal.* Berkeley: University of California Press.

Gupta, Anirudha. 1993. *Politics in Nepal, 1950-60.* Delhi: Allied Publications.

Hutt, Michael. 2006. Things That Should Not Be Said: Censorship and Self-Censorship in the Nepali Press Media, 2001-02. *The Journal of Asian Studies* 65 (2): 361-392.

Joshi, Bhuvanlal and Leo Rose. 1966. *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation.* Berkeley: University of California Press.

Malla, Kamal P. 1979. The Intellectual in Nepalese Society. In *The Road to Nowhere,* pp. 179-211. Kathmandu: Sajha Publication.

Onta, Pratyoush. 1996. Creating a Brave Nepali Nation in British India: The Rhetoric of *Jati* Improvement, Rediscovery of Bhanubhakta and the Writing of *Bir* History. *Studies in Nepali History and Society* 1(1): 37-76.

Onta, Pratyoush. 2010. Janajati Media Production in Nepal: Revisiting Janajati Magazines Published during the 1990s. Paper written for the conference 'The Politics of Ethnicity on the Margins of the State: Janajati/adivasis in India and Nepal', New Delhi, 7-9 December.

Onta, Pratyoush. 2012. Nepal Studies in Nepal: Three Non-University Experiments between the Early 1940s and the Late 1970s. Paper presented at Martin Chautari, Kathmandu, 9 March.

Parajuli, Lokranjan. 2009. The Historical Evolution of Civil Society: Pokhara (1949-1972). PhD diss., University of Bielefeld, Germany.




**चौतारी पुस्तक शृंखला – ६९**

यसभित्र :

- डँडेलधुराको पत्रकारिता
- भ्रष्टाचारविरूद्ध छापा रिपोर्टिङ
- काठमाडौँका हकरहरूबारे अध्ययन
- वीरगञ्जका रेडियोको आर्थिक पक्ष
- कैलालीका रेडियोमा स्थानीय सामग्री
- नेपाली छापामा तिब्बती शरणार्थीको कभरेज
- 'मदन भण्डारी' छवि निर्माणमा प्रकाशनको भूमिका
- विद्यालयको सामुदायिकीकरण : छापाका विषयको विश्लेषण
- पत्रकार महासंघको संस्थागत विकासका लागि वैकल्पिक अवधारणा
- पूर्व उर्जामन्त्री गोकर्ण विष्टको कामबारे मिडिया रिपोर्टिङ
- संविधान निर्माणबारे हिमाल र नेपालको कभरेज
- निराशाभित्रको टेलिभिजन पत्रकारिता
- कार्टुनकर्मबारे वात्स्यायनको संस्मरण
- हकरदेखि पत्रकारसम्मको यात्रा
- पुस्तक समीक्षा